Website: besishaharmun.gov.n|
Email:
besishaharmunicipality@gmail.cc

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०


प.सं. २०८१/०८२
च.नं.

मितिः-२०८२।०२।२६

**नदीजन्य तथा प्रकृतिजन्य निर्माण सामाग्रीहरु (ढुंगा, गिटी, बालुवा, ग्राभेल) को राजश्व दाखिला सम्बन्धमा जारी गरिएको**

## सूचना !    सूचना !!    सूचना !!!

नेपाल सरकारले जारी गरेको ढुंगा, गिटी, बालुवा, उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा १२ को उपदफा ७ बमोजिम **"सडक निर्माण वा विस्तारको क्रममा सडक अधिकार क्षेत्र भित्रबाट निस्कने ढुंगा, गिटी, बालुवा जस्ता निर्माण सामाग्रीहरु सम्बन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा त्यस्तो सामाग्रीको परिमाणका आधारमा लाग्ने विक्री मूल्य बापतको रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई बुझाएर मात्र उपयोग गर्न सकिनेछ ।"** भन्ने बाक्यांश राखिएको र वेसीशहर नगरपालिका नगरकार्यपालिकाको मिति २०८२।०१।२५ को निर्णय नं.१० अनुरुप **सडक लगायतका अन्य पूर्वाधारजन्य आयोजनाहरुमा प्राकृतिक श्रोतको उपयोग गर्नुपर्ने भएमा कर राजश्व बुझाई मात्र श्रोत उपयोग गर्नुपर्ने** उल्लेख भएको हुँदा आयोजना स्थलमा रहेका/निस्केका प्राकृतिक श्रोतहरु सोही आयोजनामा प्रयोग गर्नुपर्ने भएमा सो को नापजाँच गराई नियमानुसार तोकिएको दररेट अनुसार मूल्य अभिवृद्धि कर सहितको राजश्व बुझाई श्रोत उपयोग गर्नुहुनका लागि सम्बन्धित उपभोक्ता समिति, निर्माण कम्पनी/व्यवसायी, संघ/संस्था तथा सरोकारवाला सबैलाइ सूचित गरिएको व्यहोरा अनुरोध छ ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत